# सिमकोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

# सिमकोट हुम्ला

आ व ०७८।०७९ को अर्धवाषिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम

प्रतिवेदन

तयार गर्ने

जीवनी शाही

सदर गर्ने

उजिर रोकाया

प्रमुख प्रशासकीय अधिकृत

**सिमकोट गाउँपालिकाको आ व ०७८।०७९ को अधवार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाईको प्रतिवेदन**

पृष्ठभुमिः

नेपालको संविधान २०७२ ले ३ तहको सरकारको परिकल्पना गरेको छ जस अन्तर्गत संघिय सरकार, प्रादेशिक सरकार र स्थानिय सरकार यि तहका सरकारहरुको आफ्नै हिसाबले स्वायत छन् । तथापि यि ३ वटै सरकार विच समन्वय सहकार्य र सह अस्तिस्त्व का आधारमा संचालन हुन्छन यि ३ वटा सरकार मध्ये जनताको सबै भन्दा नजिकको घरदैलो सरकार भनेको नै स्थानिय सरकार अर्थात गाउँपालिका हो । स्थानिय सरकार संचालन एन २०७४ को भावना र मर्म अनुसार आफ्नो गाउँपालिकाको समग्र क्षेत्रभित्रको सन्तुलित तथा न्यायोचित विकासको लागि आफ्नो योजना तर्जुमा सम्बन्धी दिग्दशनको आधारमा टोल वस्ती तह हुदै समग्र गाउँसभा सम्मका ७ वटा चरणहरुका आधारमा योजनाको पहिचान गर्ने प्राथमिकरण गरी छनौट गर्ने र कार्यान्वयन गर्ने सम्मका कृयाकलापहरु संचालन गर्ने गर्दछ । सो अनुरुप सिमकोट गाउँपालिकाले पनि आफ्नो क्षेत्रको समग्र विकासलाई अगाडि वढाई सम्मुनत गाउँपालिका निर्माणका लागि आफ्नो दृर्घकालिन मध्यकालिन लक्ष्य अनुरुप वार्षिक योजना तथा कार्यक्रम २०७८।०७९ मा तर्जुमा गरेको थियो । योजना चक्रका चरणहरु अन्तर्गत योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमण र मुल्यांकन गर्ने र अन्तिममा के कस्तो उपलब्धी हासिल गरियो सो सम्बन्धमा के कस्ता बाधा अड्चनहरु आए आगामी दिनमा कसरी अगाडि बढ्न सकिन्छ राय सुझावका साथै हाल सम्म गरेका सम्पुर्ण गतिविधिहरुको बारेमा रोकारवालाहरुलाई जानकारी गराइ पारदर्शिता एंम जवाफदेहिता अभिबृदि गर्न यो कार्यक्रको आयोजना गरिएको हो ।

**कार्यक्रमको उदेश्यः**

स्थानिय सरकार संचालन एन २०७४ र यस अन्तर्गतका प्रावधान अनुरुप स्थानिय सरकारले हाल सम्म भएका योजना तथा कार्यक्रमहरुलाइ अर्धवार्षिक समिक्षा एवंम सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सरोकारवालाहरुलाई जानकारी गराई पारदर्शिता एवंम जवाफदेहिताको भावना सृजना गराउने र आगामी दिनमा कार्यक्रमलाई अरु व्यवस्थित प्रभावकारी र सफल बनाई

प्रमुख प्रशासकीय अधिकृत

जनताको जिवस्तरमा सुधार ल्याउन के कस्ता कार्यक्रमको तर्जुमा गर्न सकिन्छ सो सम्बन्धमा आवश्यक राय सल्लाह र सुझाव लिने उदेश्य रहेको छ ।

**कार्यक्रममा सहभागिकता संख्याग**

| सि न | सहभागिता | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | १०५ | ३० | ७५ | जनप्रतिनिधिहरु कर्मचारी सरोकारवालाहरु सबै |

**सिमकोट गाउँपालिकामा वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा देखिएका समस्या तथा चुनौतिहरु**

- समय मै बजेट निकासा नहुनु
- गुणस्तरिय शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि उत्पादनमा सबैको सहभागिता पुर्याउन नसक्नु ।
- गाउँपालिका भित्रका अधिकाशं बस्तीहरु सूचना तथा संचार प्रविधिको पहुच देखि टाढा हुनु
- जनशक्तिको अभाव
- बास्तविक सेवाग्राहीहरु सेवाको पहुँमा पुग्न नसकेको
- भौगोलिक कठिनाई मौसमका कारण समय मै काम गर्न कठिनाई
- खेति योग्य जमिन कमि हुदाँ चक्ला बन्दीमा समस्या
- बजेटको अभावले कृषकको माग परिपुर्ति गर्न नसक्नु
- खाद्यान्न आपुर्ति, भोकमरी, खाद्य संकट व्यवस्थापनामा कठिनाई
- अपेक्षा अनुसार आन्तरिक राजश्व संकलन गर्न नसक्नु संघ र प्रदेशको अनुदानको भरमा स्थानिय निकाय संचालन गर्नु पर्ने बाध्यात्मक अवस्था
- विकास निर्माण कार्यमा आन्तरिक वितिय श्रोत व्यवस्थापन गर्न नसक्दा कठिनाई उत्पन्न भएको अवस्था

- स्थानिय तहका विषयगत शाखा जिल्लाका विषयगत कार्यालय प्रदेश र सघ विचमा प्रभावकारी समन्वय नहुन
- स्थानिय समूदायले विकास निर्माण योजना तर्जुमा आदीमा अपनत्व ग्रहन गर्न नसक्नु

**<u>सिमकोट गाउँपालिकामा भएका सम्भावनाका स्रोतहरु</u>**

- नगदे बाली र जडिबुटीमा खेती विस्तार गरी आर्थिक तथा सामाजिक रुपान्तरण गर्न सकिने ।
- मौसमि तथा बेमौसमि तरकारी खेति विस्तार गरी बाह्रै महिना ताजा तरकारी बजारमा उपलब्ध गरी आयात प्रतिस्थापन गर्न सकिने ।
- पशु पालन तथा मौरीपालन व्यवसायबाट आर्थिक स्थिति सुधार गर्न सकिने
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दनबाट आर्थिक तथा सामाजिक विकास गर्न सकिने

**<u>साराशं</u>**

- जनताको सुख र दुखको साथि तथा सबै भन्दा नजिको सरकारको रुपमा रहेको स्थानिय तह जनताको ठूलो आशा र अपेक्षा हुनु स्वाभाविक हो । आशा गरे अनुसार स्थानिय श्रोत साधनको माग र आपुर्ति विच सन्तुलन गर्न अपरिहार्य छ । स्थानिय माग आवश्यकता र प्राथमिकताको सहि पहिचान गरी योजना र कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लाभग्राहीको प्रत्यक्ष र अर्थपुर्ण सहभागिता गराइ शिक्षा,स्वास्थ्य, कृषि, रोजगारी, सूचना तथा संचारका सेवाहरुमा पहुँच बढाई स्वामित्वबोध गराउनु हाम्रो पहिलो गन्तव्य हुनेछ । ग्रामिण बस्तिका बासिन्दाहरुको जनजिविका र दैनिकि संग जोडिएका स्थानिय सेवाको व्यवस्थापन जस्तै स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, सिचाई तथा पुर्वाधार स्थानिय मेलमिलाप मध्यस्थकर्ता आदिका विषयमा जनताको झन नजिक गएर सेवा गर्न पाउदा हामीलाई थप अवसर र उर्जा प्राप्त भएको छ ।

सिमकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

आफु पारदर्शी हुदै अरुलाई पनि पारदर्शि गराउने यस महान कार्यमा उपस्थित सम्पूर्ण महानुभावहरुमा सिमकोट गाउँपालिका अमुल्य सुझाव सहयोग र प्रतिक्रियाका लागि हार्दिक आभार प्रकट गर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत